
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ६ गते आइतबार ❑ 23 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संविधानको रक्षा गर्न गठबन्धन : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ५ कार्तिक**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनताको बलिदानबाट प्राप्त संविधान रक्षा गर्न गठबन्धन बनेको बताउनुभएको छ।

विराटनगरमा शनिबार आयोजित वाम-लोकतान्त्रिक गठबन्धनको संयुक्त भेलालाई सम्बोधन गर्दै उहाँले सबै वर्ग र क्षेत्रको अधिकार सुनिश्चित गर्ने समावेशी संविधानको रक्षाका लागि गठबन्धन निर्माण भएको प्रष्ट पार्नुभयो।

प्रधानमन्त्री देउवाले आशन्न निर्वाचनपछि गठबन्धन दलको सरकार बन्ने विश्वास व्यक्त गर्दै भन्नुभयो, "विकास र परिवर्तनका निम्ति यो गठबन्धनका उम्मेदवार विजयी हुनुपर्छ ।" रुख, कलम र गोलाकार भित्रको हँसिया हथौंडा चिह्नमा भोट हाल्न कार्यकर्तामा अन्योलता आउन नहुने बताउँदै उहाँले गठबन्धनमा उम्मेदवारलाई अत्यधिक भोट हालेर जिताउन अपिल गर्नुभयो । नेकपा (माओवादी केन्द्र) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले निर्वाचन सामान्य प्रक्रिया भए पनि यो निर्वाचन खास उद्देश्यका लागि भएको बताउनुभयो । विशेष परिस्थितिमा आन्दोलनको बीचबाट जन्मेको गठबन्धनले संविधान र लोकतन्त्रको रक्षा गर्ने भन्दै अध्यक्ष दाहालले बृहत् शान्ति सम्झौताबाट नै मुलुकमा युगान्तकारी परिवर्तन आएको र यही परिवर्तनलाई निमोठ्न खोज्ने प्रवृतिका विरुद्धमा गठबन्धन बनेको धारणा राख्नुभयो।शान्ति सम्झौताको निरन्तरताकै रुपमा गठबन्धन अगाडि बढेको बताउँदै अध्यक्ष दाहालले आशन्न निर्वाचनमा गठबन्धनमा उम्मेदवारलाई जिताउन कार्यकर्ता एवं नेतालाई निर्देशन दिनुभयो । गर्वका साथ एकले अर्कालाई खुशीसाथ मत खसाल्न आग्रह गर्दै उहाँले भन्नुभयो, "समृद्धि र सुशासनका लागि पनि गठबन्धनले जित्नुपर्छ ।" नेकपा (एकीकृत समाजवादी पार्टी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गलत मानिसको हातबाट नेतृत्व खोस्न गठबन्धन बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "गठबन्धनको एकता र ऐक्यबद्धता नै हाम्रो सङ्कल्प हो ।" राजनीति सही मार्गमा गए मात्र समाजका समस्या समाधान हुने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "गठबन्धन नबनेको भए एकलौटी सरकार चलाउने आधारलाई भत्काउन सकिने अवस्था थिएन ।" स्वाभिमानका पाठ कार्यकर्ता र जनतालाई सिकाएर राम्रो उद्देश्य तथा सपनालाई साकार पार्न गबन्धनका उम्मेदवार जित्नुपर्ने बताउँदै अध्यक्ष नेपालले लोकतन्त्र र संविधानलाई धराप पर्न नदिन गठबन्धन निर्वाचित हुनुपर्ने बताउनुभयो।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले संविधानको रक्षा र लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउन गठबन्धन निर्माण भएको बताउनुभयो । उहाँले नेपाली जनतालाई बलियो बनाउन र अर्थतन्त्रलाई सुदृढ तुल्याउन गठबन्धनका उम्मेदवार जित्नुपर्ने विचार व्यक्त गर्नुभयो। कांग्रेस केन्द्रीय सदस्य एवं पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले "संविधानको सही कार्यान्वयका निम्ति राजनीतिक दलबीच एकता र सहकार्य अपरिहार्य छ" भन्नुभयो।

कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले संविधानलाई सही मार्गमा लैजान, असल शासन, लोकतन्त्र एवं समुन्नत समाज निर्माण गर्न गठबन्धन आवश्यक रहेको चर्चा गर्नुभयो। कांग्रेस प्रदेश नं १ समितिका सभापति उद्धव थापाको सभापतित्वमा भएको सो कार्यक्रममा एकीकृत समाजवादी पार्टी प्रदेश नं १ समितिका अध्यक्ष बलदेव चौधरीले पनि गठबन्धनको महत्वमाथि प्रकाश पार्नु भएको थियो।

## नवौं राष्ट्रिय खेलकुदको प्रचार अन्तर्राष्ट्रियस्तरमा : मन्त्री गहतराज

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ कार्तिक**



नेपाल सरकारका युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजलेनवौंराष्ट्रियखेलकुद-२०७९ को प्रचारप्रसारमा संचारकर्मीले खेलेको भूमिकाको प्रशंसा गरेका छन्।

राष्ट्रिय खेलकुद परिषद्ले शुक्रबार संचारकर्मीसँग आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गहतराजले राष्ट्रिय खेलकुदलाई साँच्चिकै राष्ट्रिय खेल बनाउन र अन्तर्राष्ट्रियस्तरसम्म प्रचारमा संचारकर्मीले महत्वपूर्ण भूमिका खेलेको बताएका हुन्।

राष्ट्रिय खेलकुदका लागि जति पूर्वाधार बन्नुपर्ने हो त्यो बन्न नसकेको स्वीकार्दै उनले आगामी दिनमा बन्छ भन्ने बुझिदिन समेत आग्रह गरे। उनले भने, 'कोभिड-१९ ले पारेको प्रभाव, राखेपसम्बन्धी अदालती प्रक्रियाले पारेको असर, राष्ट्रिय खेलकुदको चलायमान र गतिशीलतालाई सुनिश्चित गर्नुपर्छ भन्ने सोच राख्दै अलि छिटो गर्न खोज्दा जति पूर्वाधार बन्नुपर्ने हो त्यो बन्न सकेन । आगामी दिनमा बन्ने नै छ।' उनले राखेपका एजेण्डा र वार्षिक कार्यक्रममा भएका पूर्वाधार आगामी दिनमा बजेट, श्रोत सुनिश्चित गराएर निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे।

राखेप सदस्यसचिव टंकलाल घिसिङले गण्डकीका खेलकुद पत्रकारले व्यवस्थित र जिम्मेवार हिसाबले कार्यसम्पादन गरेकोप्रति धन्यवाद व्यक्त गरे । उनले पोखरामा यस अगाडिका प्रतियोगितामा भन्दा मिडिया सेन्टर व्यवस्थित कार्यसम्पादन, क्रियाशीलता र खटनका हिसाबले उत्कृष्ट पाएको बताए । उनले गण्डकीका पत्रकारको कार्यसम्पादन, क्रियाशीलता र खटनको उच्च मूल्यांकन नेपाली खेलकुदले गर्ने बताए।

नेपाल खेलकुल पत्रकार मञ्च गण्डकी अध्यक्ष दीननाथ बरालले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट बन्न नसकेका पूर्वाधार निर्माणमा विशेष ध्यान दिन आग्रह गरे। उनले पोखरामै स्वीमिङ पुल र सुटिङका पूर्वाधार आवश्यक रहेकोमा जोड दिंदै खेलकुद पत्रकार मञ्चले बर्सेनि आयोजना गर्ने स्पोर्टस् अवार्डमा राखेपको सहयोग निरन्तरतामा जोड दिए । गण्डकीमा २८ असोजदेखि ३ कात्तिकसम्म भएको नवौं राष्ट्रिय खेलकुदमा ३६ खेलमा ३९६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो। जसमा आर्मी च्याम्पियन बन्यो । प्रतियोगिताको उपराष्ट्रपति नन्दबहादुर पुनले पोखरा रंगशालामा आयोजित भव्य समारोहबीच उद्घाटन गरेका थिए भने समापनमा प्रधानमन्त्री शेरबहादुर देउवा आएका थिए।

## तनहुँ-२ मा दुई पूर्ववनमन्त्रीसहित दश जना चुनावी मैदानमा

**पोखरापत्र संवाददाता**
**दमौली, ५ कार्तिक**

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि तनहुँ क्षेत्र नं २ बाट प्रतिनिधिसभामा दुई पूर्वमन्त्रीसहित दश जना चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। प्रदेश १ का लागि आठ र प्रदेश २ का लागि छ जना चुनावी मैदानमा हुनुहुन्छ । प्रतिनिधिसभाका दश उम्मेदवारमध्ये महिला उम्मेदवार एक जना मात्र हुनुहुन्छ।

सत्तारुढ वाम-लोकतान्त्रिक गठबन्धनका तर्फबाट पूर्ववनमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारी चुनावी मैदानमा हुनुहुन्छ । नेकपा (एमाले) का तर्फबाट पूर्ववनमन्त्री एवं नेकपा (एमाले) का स्थायी कमिटी सदस्य किरण गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । ठूला पार्टीका अलवा यो क्षेत्रमा राप्रपाका नरेन्द्रप्रताप महत, नेपाल मजदुर किसान पार्टीका रामहरि गोरा, हाम्रो नेपाली पार्टीका विष्णु पराजुली, मङ्गोल नेशनल अर्गनाइजेशनका प्रविना थापा मगर, राष्ट्रिय जनमुक्ति पार्टीका लालबहादुर सार्की गोतामे, नेपाली कांग्रेस (बिपी) का पुष्पराज पराजुली, जनसमाजवादी पार्टी नेपालका खड्कबहादुर विक र राष्ट्रिय स्वतन्त्र पार्टीका विजय जोशी प्रतिस्पर्धामा छन्।

प्रदेश १ तर्फ वाम लोकतान्त्रिक गठबन्धनबाट नेकपा (माओवादी केन्द्र) का राजेन्द्रकेशरी न्यौपाने, नेकपा (एमाले) का श्यामराजा महत, मौलिक जरोकिलो पार्टीका टोलराज वाग्ले, मङ्गोल नेशनल अर्गनाइजेशनका सुमन थापा मगर, नेकपा (एकीकृत समाजवादी) का दुर्गाकुमार श्रेष्ठ, राप्रपाका रेशमराज अधिकारी, राष्ट्रिय जनमुक्ति पार्टीका नेत्रबहादुर थापा, जनसमाजवादी पार्टी नेपालका रामबहादुर विश्वकर्मा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

प्रदेश २ तर्फ बाम लोकतान्त्रिक गठबन्धनबाट नेपाली कांग्रेसका जितप्रकाश आले मगर, नेकपा (एमाले) का केदार सिग्देल, मङ्गोल नेशनल अर्गनाइजेशनका नमबहादुर राना, नेकपा (एकीकृत समाजवादी) का प्रतापलाल श्रेष्ठ, राप्रपाका श्यामकुमारी राई, राष्ट्रिय जनमुक्ति पार्टीका धनबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ।

चुनावी प्रतिस्पर्धामा रहेका दुई पूर्वमन्त्री नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुँदा वनमन्त्री बन्नुभएको थियो । गुरुङ विसं २०६४मा पहिलो संविधानसभाको निर्वाचनपछि नेकपा (एमाले) को समर्थनमा प्रचण्ड पहिलोपटक प्रधानमन्त्री हुँदा वनमन्त्री हुनुहुन्थ्यो भने भण्डारी दाहाल दोस्रोपटक प्रधानमन्त्री बन्दा विसं २०७३ सालमा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## 'व्यवस्था परिवर्तनदेखि विकासका काममा जनतासँगै छौं' : एमाले उम्मेदवार अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ कार्तिक**



नेकपा एमालेको तर्फबाट कास्की क्षेत्र नम्बर १ प्रदेश सभा १ का उम्मेदवार खगराज अधिकारीले व्यवस्था परिवर्तनदेखि विकासको काममा सदैव जनताको साथमा रहेर काम गर्दै आएको बताएका छन्।

पोखरा ३० मा उम्मेदवार भेटघाट कार्यक्रममा बोल्दै उनले उक्त वडाको शिशुवा अस्पताललाई स्तरोन्नति गर्दै कोभिडको समयमा पनि आवश्यक स्वास्थ्य सामाग्री लिएर हरेक पटक आउने गरेको स्मरण गराउँदै समयक्रमसँगै जनताको अपेक्षा पूरा गर्न प्रतिवद्ध रहेको स्पष्ट पारे । शिशुवा चोकबाट फेदिसम्मको बाटो चक्लाउन ८ करोड रुपैयाँ बजेट अन्तरगत काम सुरुवात गरेकोमा पछिल्लो पटकको २ करोड रुपैयाँ शहरी विकास मन्त्रालयले काटेको भन्दै उनले त्यसलाई पूरा गर्ने दायित्व आफुहरुको भएको उल्लेख गरे।

उनले गण्डकी प्रदेशलाई एमाले नेतृत्वको सरकारले जग बसालेको स्मरण गर्दै उनले त्यसलाई समृद्धको बाटोमा लैजाने गरि अगाडी बढ्ने बताए।

उम्मेदवार अधिकारीले केन्द्रबाट प्रदेशमा आइसकेपछि अझै जनताको गुनासोलाई सुनेर सम्बोधन गर्ने अवसर आएको बताउँदै त्यसको जिम्मेवारी सुम्पिन मङ्सिर ४ मा सुर्य चिन्हमा मतदान गर्न स्थानियसँग आग्रह गरे । स्थानीय विश्वनाथ लामिछानेले बर्खामा पानीले समस्या परेको भन्दै सडकको नाला व्यवस्थापन र सडकलाई फराकिलो बनाउने काममा पहल गरिदिन अनुरोध गरेका थिए।

लामिछानेले खगराज अधिकारी स्वास्थ्यमन्त्री हुँदा शिशुवा अस्पतालको स्तरोन्नति गराएको भन्दै स्वास्थ्य विमाका सेवाग्राहीलाई सहज सेवा प्रवाह गर्ने प्रवन्ध गरिनुपर्ने भनाई राखे। 'एमालेमै भोट हाल्न प्रतिवद्ध छौ, २०५१ देखि निरन्तर एमालेको पक्षमा हामी छौ तपाईंलाई हामी जिताउँछौ', उनले भने।

स्थानीय विकल बास्तोलाले गुनासो सुनेर सम्बोधन गर्न आवश्यक रहेको बताए।

निवर्तमान वडाध्यक्ष श्रीराम पोखरेलले वडा भित्र साना ठुला गरि ६० वटा बाटो स्तरोन्नति बनाउन सफल भएको सुनाए । वडामा वार्षिक ९० लाख रुपैयाँ मात्रै आउने हुँदा बजेट अभावका कारण सबै योजनाहरु सोचे अनुरुप काम हुन नसकेको उनको भनाई छ।




# गठवन्धनका उम्मेद्वारलाई जिताउनर आजको अवश्यकता–केसी

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

नेपाली कांग्रेसका नेता कृष्ण केसीले उम्मेद्वारका सम्बन्धमा बहस भन्दा कांग्रेससहितको गठवन्धनका उम्मेद्वारलाई जिताउन केन्द्रित हुन आग्रह गरेका छन् । नेपाली कांग्रेस पोखरा महानगर समितिद्वारा शनिबार आयोजित प्रथम नगर सम्मेलनमा नेता केसीले यस्तो बताएका हुन् ।

उनले भने, 'टिकट कस्ले पायो, कसरी पायो भन्ने बहस छोडौं । जसले पाए पनि पार्टीले दिएको हो । अब उम्मेद्वार र टिकटको बहस अन्त्य गरि उम्मेद्वारलाई जिताउन लाग्न आवश्यक छ ।' निर्वाचनमा जाँदा सबै पार्टीमा कसैले टिकट पायो या कसैले नपायो त्यसमा प्रवाह नगरी लाग्न आग्रह गर्दै उनले गठबन्धनको सरकार बनेमा अन्य विभिन्न अवसर उपलब्ध हुने उल्लेख गरे । उनले पार्टीभित्रका विकृति र विसंगतिका बारेमा निर्वाचन पछि मात्रै बहस गर्न आवश्यक रहेको बताए । पार्टीको केन्द्रीय समितिद्वारा नै गठवन्धन गर्ने निर्णय भएको भन्दै कास्की कांग्रेसका निवर्तमान सभापतिसमेत रहेका केसीले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन भएको स्पष्ट पारे ।



'यो चुनावले संविधानको रक्षा, स्थिरतासँगै समावेशीतालाई अघि बढाउँदै राष्ट्रिय एकता स्थापित हुन्छ भन्ने विश्वास छ', उनले भने, 'सबैको समावेशीता नै राष्ट्रिय एकता हुन्छ, राष्ट्रिय एकताबाट नै देश बलियो हुन्छ । यो सबैको प्रतिनिधित्व हुने व्यवस्था हो ।' नेपालमा विसं २००७ देखिका विभिन्न परिवर्तन हुँदै गणतन्त्र, समावेशी लोकतन्त्र जस्ता उपलब्धि हासिल भएको भन्दै उनले समावेशी लोकतन्त्र अन्य राष्ट्रका लागि पनि चासो र अध्ययनको विषय बनेको स्पष्ट पारे ।

# पोखरा ३१ मा एमालेको निर्वाचन परिचालन कमिटि गठन

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

नेकपा एमाले पोखरा महानगरपालिका वडा नम्बर ३१ मा १ हजार १ सय १ सदस्यीय निर्वाचन परिचालन कमिटि गठन गरिएको छ ।

आगामी मंसिर ४ गते हुने निर्वाचन लक्षित उम्मेदवार भेटघाट तथा चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रमसँगै शनिवार निर्वाचन परिचालन कमिटि गठन गरिएको हो ।



कार्यक्रममा नेकपा एमालेको तर्फबाट कास्की क्षेत्र नम्वर १ का प्रतिनिधि सभाका प्रत्यासी उम्मेदवार मनबहादुर गुरूङले विधि र पद्धतिमा चल्ने एक मात्र पाटी एमाले भएकोले देशको विकास गर्नको लागि एमालेलाई जिताउनुको विकल्प नभएको बताए । उनले एमाले दुःखी र गरिवको पाटी भएको बताउँदै भूमिहिनका समस्या समाधान गर्ने पाटी एमाले मात्रै भएको जिकिर गरे । देशमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्थामा परिवर्तन नआएकोले अवस्थामा परिवर्तन ल्याउने पाटी एमाले बाहेक अर्को विकल्प नभएको उनको भनाई छ । उनले देशमा विकासको मुल फूटाउन एमालेलाई बहुमतले विजय गराउन अनुरोध गरेका छन् ।

कार्यक्रममा नेकपा एमालेको तर्फबाट कास्की १ (क) का प्रदेश सभाका उम्मेदवार खगराज अधिकारीले आशा र विश्वसनियता भएको पाटी एमाले भएको बताउँदै अव बन्ने एमालेको प्रदेश सरकारले गण्डकी प्रदेशमा विकासको लहर ल्याउँने बताउँदै यसको लागि एमालेलाई बहुमतले विजयी गराउन मतादातासँग आग्रह गरे ।

# बाँझापाटन मिलन मार्गको १३ औं साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

पोखरा महानगरपालिका वडा न १३ स्थित बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाको १३ औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो ।

वडा न १३ का वडा अध्यक्ष किरण वरालले हरेक टोलका चोक चोकमा सिसी क्यामरा छिटै नै जडान गरिने भने । दुर्व्यसनमा फसेका छोरा छोरीहरुलाई सवै मिलेर सकारात्मक वाटो तिर लैजान पहल गर्नुपर्ने अध्यक्ष वरालले धारणा राखे । बाँझापाटन टोललाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विशेष सहयोग गर्ने समाजसेवीहरु क्रमश गोपाल वराल, राजेन्द्र गौतम र बावुराम परियारलाइ सम्मान गरियो ।



बाँझापाटन मिनल मार्ग टोल विकास संस्थाका अध्यक्ष रामराज सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षाविद् प्रा.तारा वराल, बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाका सस्थापक अध्यक्ष जमुनदेवी श्रेष्ठ, कोषाध्यक्ष सोमनाथ तिमिल्सिना, सल्लाहकार माधवप्रसाद आचार्य, बाँझापाटन मिलन मार्ग टोल महिला समुहका सचिव भगवती सिग्देल र नेपाली काँग्रेस कास्कीका निवर्तमान सभापति कृष्ण केसी लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामलाल सुनारले स्वागत र सचिव रमेशराज पौडेलले संचालन गरेका थिए ।

## तनहुँ..

वनमन्त्री हुनुभएको थियो । गुरुङ क्षेत्र नम्बर २ अन्तर्गतकै साविक भानुमति गाविस हाल भिमाद नगरपालिका-९ नम्बर ९ का स्थायी बासिन्दा हुनुहुन्छ । भण्डारी क्षेत्र नम्बर १ को साविक पुर्कोट गाविस हाल भानु नगरपालिका-९ का स्थायी बासिन्दा हुनुहुन्छ । भण्डारी विसं २०७० मा तनहुँ क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुनुभएको थियो भने विसं २०७४ को निर्वाचनमा क्षेत्र नम्बर २ बाट एमालेका केदार सिग्देलसँग पराजित हुनुभएको थियो । प्रतिनिधिसभा सदस्य उम्मेदवार गुरुङ विसं २०७४ को निर्वाचनमा तनहुँ क्षेत्र नम्बर २ प्रदेश २ बाट प्रदेशसभामा निर्वाचित हुनुभएको थियो । मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको नेतृत्वमा गुरुङ अर्थमन्त्री नियुक्त हुनुभएको थियो ।

आफूले विभिन्न समयमा प्राप्त गरेको संसदीय जिम्मेवारीको क्रममा तनहुँ क्षेत्र नम्बर २ मा विकासको कामलाई तीव्रता दिएको गुरुङ बताउनुहुन्छ । "समृद्ध तनहुँ निर्माणका लागि थप योगदान गर्ने लक्ष्यसहित प्रतिनिधिसभामा उम्मेदवारी दिएको छु", गुरुङले भन्नुभयो, "मैले गरेको कामको आधारमा म विजयी हुन्छु भन्नेमा निश्चित छु ।" प्रतिनिधिसभा सदस्य उम्मेदवार भण्डारीले विगतदेखि कम्युनिष्टले जित्दै आएको यस ठाउँमा विकासले सोचे जति गति लिन नसकेको हुँदा यसपटक आफूहरूले चुनाव जित्ने बताउनुभयो । "तनहुँ क्षेत्र नम्बर २ विकासमा पछाडि पर्‍यो, यसपटकको निर्वाचनमा हामीहरु चुनाव जितेर विकासका योजनालाई अगाडि बढाउँछौँ", भण्डारीले भन्नुभयो ।

# 'देश चिनाउने खेल'–पहारी

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

कास्की क्षेत्र नम्वर ३ 'ख' बाट नेकपा एमालेका उम्मेदवार राजिव पहारीले नेपाललाई अन्तर ष्ट्रिय जगतमा चिनाउन सक्ने क्षेत्र खेलकुद भएको बताएका छन् ।

सुर्यचन्द्र विकास समाज, पोखरा-५ को आयोजनामा शनिवारबाट मालेपाटनमा शुरु भएको वडास्तरीय व्याडमिण्टन प्रतियोगिताको उद्घाटन गर्दै निवर्तमान सांसद पहरीले यस्तो बताएका हुन् । अन्तर्राष्ट्रिय स्तरमा नेपालले प्रतिस्पर्धा गर्न सक्ने खेल क्षेत्र नै भएकोले खेल र खेलाडीको प्रवर्द्धन गर्नुपर्नेमा उनले जोड दिए । आगामी निर्वाचनको प्रसङ्ग जोड्दै उनले जनताको सेवामा अझै धेरै काम गर्न बाँकी रहेकाले फेरि उम्मेदवारी दिएको बताए ।



आफुले अघिल्लो कार्यकालमा थालनी गरेका महत्वपूर्ण योजनाहरुलाई पूर्णता दिलाउन फेरि आफुलाई विजयी गराउन उनको आग्रह छ । कार्यक्रममा बोल्दै पोखरा स्वास्थ विज्ञान प्रतिष्ठानका निर्देशक डाक्टर भरत खत्रीले स्वास्थ्य नागरिक बन्न खेलकुद महत्वपूर्ण हुने बताए । वडा ५ का अध्यक्ष विष्णुप्रसाद बराल्ले मालेपाटन खेल क्षेत्रको उर्भरभुमि भएको बताउँदै यहाँबाट थुप्रै राष्ट्रिय खेलाडी उत्पादन भईसकेको उल्लेख गरे । कार्यक्रम आयोजक संस्था सुर्यचन्द्र विकास समाज अध्यक्ष कृष्णप्रसाद बरालको अध्यक्षतामा भएको थियो । तीन दिन सम्म चल्ने प्रतियोगितामा डबल्सतर्फ २६ टिमको सहभागिता रहेको छ ।

# ६० जिल्लामा मतपत्र ढुवानी

रासस
काठमाडौं, ५ कार्तिक

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि हालसम्म ६० जिल्लामा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी गरिएको छ ।

निर्वाचन आयोगका अनुसार तिहारअघि थप छ जिल्लाको मतपत्र ढुवानी गरिने छ । बाँकी रहेका मनाङ, मुस्ताङ, अछाम, बाजुरा, कालिकोट, मुगु, हुम्ला, जुम्ला र डोल्पाको मतपत्र भने तिहारपछि मात्र ढुवानी गरिनेछ । हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल एक करोड ५१ लाख २४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ । यसमध्ये प्रदेशसभाका लागि ७५ लाख २५ हजार र प्रतिनिधिसभातर्फ ७५ लाख ९९ हजार मतपत्र रहेका छन् ।

# कविताको शाश्वत मूल्यका पछि लाग्नुपर्छ : सरुभक्त

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिठानका पूर्वकुलपति सरुभक्तले कविताको शाश्वत पक्षका पछि लाग्नुपर्ने बताउनुभएको छ ।

कस्केली अधिकृत समाजद्वारा शनिबार पोखरामा आयोजित रचना वाचन कार्यक्रममा उहाँले कविताको वास्तविक मूल्य नै शाश्वत मूल्य भएको बताउनुभयो । नेपालमा साहित्यकारहरू समाज र राष्ट्रका लागि सिर्जना गर्नुपर्छ भन्ने भावनाका साथ क्रियाशील बनिरहेको बताउँदै उहाँले साहित्य तथा वाङ्मयको सेवामा अधिकृतहरूले आ-आफ्ना तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्नुभयो । कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले साहित्य आफैंमा महत्वपूर्ण पक्ष भएको उल्लेख गर्दै यसले सेवा निवृत्त जीवनलाई सिर्जनात्मक बनाउने बताउनुभयो । कार्यक्रम संयोजक वसन्त चालिसेले समाजले अन्य विभिन्न गतिविधिसँगै रचना वाचनका माध्यमबाट साहित्यिक गतिविधि बढाएको बताउनुभयो ।

कार्यक्रममा समाजका सल्लाहकार एवं अन्तर्राष्ट्रिय नेपाली साहित्य नेपालका गण्डकी प्रदेश समितिका अध्यक्ष दुर्गाबहादुर शाह 'बाबा', सल्लाहकार शिवप्रसाद पराजुली, शिवहरि शर्मा, देवेन्द्र केसी (देबु), गण्डकी साहित्य सङ्गमका सचिव भीमबहादुर रानाभाट (ज्यालादारी), गण्डकी वाङ्मय समाजका अध्यक्ष डा कृष्णराज अधिकारी, चन्द्रवती वाग्लेलगायतले कविता, कथा, मुक्तकलगायतका रचना वाचन गर्नुभएको थियो ।

चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।

◆ मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकता भन्दा बढी उपभोग नगरौं ।
◆ खानेकुराहरु सुरक्षित राखेर मात्र उपभोग गरौं ।
◆ बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं ।
◆ मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# तिहार पर्वको महत्वलाई घट्न नदिऔं

नेपाली समाजले मनाउने ठूला चाडपर्व मध्ये तिहार मानिन्छ। तिहार दाजुभाइ दिदीबहिनीको मिलनको अवसरको रुपमा लिइन्छ। हरेक वर्ष कार्तिक कृष्णपक्षको त्रयोदशी तिथिदेखि शुक्ल पक्षको द्वितीय तिथिका बीचका पाँच दिनसम्म मनाइने चाड तिहार हो। वैष्णवहरूले रामराज्याभिषेक, बौद्धहरूले बोध प्राप्ति र नेवार हरूले म्ह पूजाका रूपमा मनाउने गर्दछन। तिहारलाई फूलमाला र बत्तीको पर्व पनि भन्ने गरिन्छ। हाम्रो शास्त्रीय मान्यताअनुसार उज्यालोलाई समृद्धिको प्रतीकको रूपमा लिइन्छ। हाम्रा धार्मिक आस्थासँग जोडिएको दियो बालेर शुभारम्भ गरिने शास्त्रीय परम्परा रहेकोले यस पर्वलाई उज्यालोको पर्व अर्थात् विकास र समृद्धिको पर्व पनि भन्ने गरिन्छ।

तिहारमा मृत्युका देवता यमराजको समेत पूजा गरिने हुनाले तिहारका पाँच दिनलाई यमपञ्चक पनि भनिन्छ । विशेषतः तिहारमा सम्पत्तिकी देवी महालक्ष्मीको भव्यताका साथ पूजाअर्चना गरिन्छ। लक्ष्मीलाई धनकी माता, शोभा, सौन्दर्य, सुख, समृद्धि, सौभाग्य, आरोग्य तथा सिर्जनाकी देवीको रूपमा मान्ने चलन छ। यसका साथै हिन्दु धर्मालम्बीहरूले गाईलाई लक्ष्मीको अवतारको रूपमा मान्ने चलन भएकोले लक्ष्मीको रूपमा गाईको विशेष पूजा गर्ने चलन छ। लक्ष्मीपूजाको दिन आ-आफ्ना घर आँगन सफा सुग्घर गरी घरको ढोकादेखि पूजाकोठासम्मको बाटोमा रातोमाटोले लिपेर लक्ष्मीको आह्वान गर्ने चलन रहेको छ । लक्ष्मीको स्वागतार्थ घरका ढोकामा सयपत्री फूलका मालाहरूले सिँगार्ने प्रचलन छ। यस दिन धनको सिंहासन मूल ढुकुटीको विशेष रूपमा पूजाअर्चना गरिन्छ।

तिहारका पाँचै दिन आफैँमा अत्यन्त महत्वपूर्ण छन् । मानिसले प्रकृति, जनावर, पशुपन्छी,को पुजा गर्ने गर्दछन। प्रकृति पुजक पनिउ हो भन्ने तिहारले देखाउँछ । पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन गाई तिहार, चौथो दिन गोरु तिहार र पाँचौं दिन भाइ तिहार मनाउने चलन छ। क्रमशः यमराजको दूतको रूपमा काग, द्वारपाल कुकुर, वैतर्णी तार्ने गाई, शिवको वाहन तथा धर्ती सेवक गोरुको पूजा गरेपछि पाँचौं दिनमा भाइ पूजा हुन्छ। तिहारको अन्तिम दिन वा कार्त्तिक शुक्ल द्वितीयाका दिन शास्त्रीय विधानअनुसार दिदी बहिनीहरूले दाजुभाइको दीर्घायु र आरोग्यको कामना गर्दै सप्तरङ्गी टीका र मखमली, सयपत्री, दुबो आदिको माला लगाई मिष्ठान्न भोजन गराउने चलन छ। दिदीबहिनीको हातबाट टीका ग्रहण गरिसकेपछि दाजुभाइले पनि आफ्ना दिदीबहिनीलाई आफूसक्दो दक्षिणा दिने प्रचलन छ। यसरी हेर्दा घर परिवारका दाजुभाइ, दिदीबहिनीका बीचमा सौहार्दपूर्ण व्यवहार, आपसी सद्भावका साथै जमघट हुने अवसर जुटाइदिनु तिहारको सांस्कृतिक सौन्दर्यभित्रको सामाजिक पक्ष हो।

तिहारको सांस्कृतिक र सामाजिक महिमा आफैँमा शास्त्रीय छ। सुसंस्कृत छ। यस सन्दर्भमा तिहारको महत्व र सौन्दर्यलाई घरका अभिभावक तथा समाजका अग्रज पुस्ताले नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानु पर्छ। यसो भएमा हाम्रा चाडपर्वहरूका शास्त्रीय मूल्यमान्यता तथा सामाजिक महत्व नयाँ पुस्तामा हस्तान्तरण हुँदै जान्छन्। नयाँ पुस्ताले समाजका स्थापित मूल्य मान्यतालाई शिरोधार्य गर्दै जान सक्छन्। यो आजको आवश्यकता हो। तिहारको सांस्कृतिक र सामाजिक महत्व हुँदाहुँदै पनि यसभित्रका विकृति र विसङ्गतिहरू मौलाइरहेका छन्। तिहारको नाममा पटका पड्काउने, जुवातास खेल्ने, मादक पदार्थ सेवन गर्ने, झै-झगडा गर्नेजस्ता सामाजिक विकृतिहरू पनि समाजमा हुने गरेको छ। वास्तवमा समाज परिवर्तनसँगै आधुनिकताको नाममा भित्रिएका अनेक किसिमका विसङ्गतिको निराकरण गरी तिहारको गरिमालाई कम हुन दिनु हुँदैन। तिहारको सांस्कृतिक सौन्दर्यलाई आधुनिकताको नवनिर्मित व्यवहारले किमार्थ फिका बनाउनु हुँदैन। तिहारको सांस्कृतिक र सामाजिक महिमा आफैँमा शास्त्रीय छ। सुशोभित छ। तसर्थ यो चाडको महत्वको बारेमा घर, परिवार र समाजका अग्रज पुस्ताले नयाँ पुस्तालाई सिकाउनु र बुझाउनु पर्छ। यसो भएमा हाम्रा चाडपर्वका शास्त्रीय मूल्य, मान्यता तथा सामाजिक महत्व नयाँ पुस्तामा पुग्न सक्छ र हाम्रा सांस्कृतिक पर्वको संरक्षण हुँदै जान्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अधिकारी समाज कास्की इकाई समितिद्वारा रक्तदान



पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

अधिकारी समाज कास्की इकाई समिति पर्स्याडले शनिबार खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको छ। उक्त कार्यक्रममा ६८ युनिट रगत संकलन भएको थियो।

पोखरा-५ पर्स्याडमा आयोजना गरिएको कार्यक्रममा प्रमुख अतिथि अधिकारी समाज कास्कीका जिल्ला अध्यक्ष लिलाधर अधिकारीले रक्तदातालाई ब्लडब्याग हस्तान्तरण गर्दै रक्तदान शुरु गरिएको थियो।

कार्यक्रमको सभापतित्व इकाई अध्यक्ष एवं जिल्ला महासचिव हरिश्चन्द्र अधिकारी, स्वागत मन्तव्य कोषाध्यक्ष रुद्रप्रसाद अधिकारी, अधिकारी समाज कास्कीका जिल्ला वरिष्ठ उपाध्यक्ष हेमन्त अधिकारी, उपाध्यक्ष पूर्णभद्र अधिकारी र क्षेत्रीय रक्तसञ्चारका प्रमुख अर्जुन ज्ञवाली लगायतले सामाजिक कार्यमा अधिकारी समाज कास्की इकाई समितिको भूमिकाको प्रशंसा गरेका थिए।

# युआरएल स्याङ्जामा शिविर

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

युआरएल स्याङ्जाले शनिबार २ सय ५ जनाको सित्तैमा मधुमेह तथा रगत हुने खराब बोसो (टिजी) जाँच गरेको छ । ५ महिनाअघि पुतलीबजार १ मा सञ्चालनमा आएको युआरएल स्याङ्जाले सामाजिक उत्तरदायित्व वहन गर्दै सचेतनासहितको शिविर आयोजना गरेको हो।

शिविरमा वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले खानपान, जीवनशैली सुधार्ने र सम्भव भएसम्म वर्षमा एक पटक स्वास्थ्य जाँच गरी स्वस्थ रहन आग्रह गरे। धेरैजसो नसर्ने खालका रोगले एकै पटक थला नपार्ने जनाउँदै उनले सामान्य लक्षण देखिँदा र प्रारम्भिक चरणमै पत्ता लागे चाडै निको हुने र सास्ती कम हुने उल्लेख गरे । डा अधिकारीले चाडपर्वका बेला खानाका कारण आउने समस्या बढी देखिने भएकाले सजग भएर चाडपर्व मनाउन सुझाए। उनले भने, 'हामी काम र कसरत कम, तनाव बढी र मिसावट भएका खाना खान थालेका छौं। त्यसैले पहिलाभन्दा बढी सजग हुनु आवश्यक छ।' सुरुआती चरणमै पत्ता लागे सुगर र टिजीलाई नियन्त्रणमा राखेर सामान्य जीवन बाच्न सकिने उल्लेख गर्दै उनले हेलचेक्र्याइ गरे जीवन नै जोखिममा पर्न सक्ने जनाए।

युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले आधुकि प्रविधि, दक्ष जनशक्ति र गुणस्तरीय सेवा स्थानीय तवरमै दिन स्याङ्जामा सेवा सुरु गरिएको बताए। सामान्यदेखि जटिल तवरका जाँच उपलब्ध गराउँदै सेवाग्राहीलाई गुणस्तरीय सेवा दिने उनले प्रतिवद्धता गरे । युआरएलका निर्देशक गणेशप्रसाद कोइरालाले गण्डकी प्रदेशबासीलाई गुणस्तरीय ल्याब सेवा दिन आफूहरु प्रतिवद्ध गरेको बताए।

स्थापनाको ९ वर्षमा युआरएलले विभिन्न संघ, संस्थासँग सहकार्य गरी आयोजना गरेको यो १ सय ३० औं शिविर हो। युआरएल स्याङ्जा अध्यक्ष रंगनाथ रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा डा वसन्त पंगेनीले पनि बोलेका थिए।

# डेङ्गुबाट थप एकको मृत्यु

रासस
काठमाडौं, ५ कार्तिक

डेङ्गुका कारण थप एक जनाको मृत्यु भएको छ । हालसम्म डेङ्गुबाट ५२ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत साउनदेखि हालसम्म ४३ हजार छ सय ८५ जना सम्भावित डेङ्गुको बिरामी देखिएको मन्त्रालयको तथ्याङ्क छ। मुलुकका ७७वटै जिल्लामा डेङ्गु फैलिएको मन्त्रालयले जनाएको छ।

शनिबार ४३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सात सय ९८ नमूना परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। शनिबार ४८ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात सय १६ छ । हालसम्म नेपालमा १० लाख चार सय १४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । सङ्क्रमितमध्ये नौ लाख ८७ हजार छ सय ८२ जना सङ्क्रमणमुक्त भएका छन् भने १२ हजार १८ जनाको मृत्यु भएको छ।

शनिबार २३ हजार छ सय सात जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। हालसम्म दुई करोड ३२ लाख आठ हजार चार सय ८३ जनाले खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले खोपको अतिरिक्त मात्रा लगाएका छन्।


## पसल बिक्रीमा

**पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।**

**सम्पर्कः**
९८२७१९९५८६
९८१९५२९०४५


# आदर्श बचत तथा ऋण सहकारीमा बराल

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३ आर्वाको शनिबार सम्पन्न १५औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनले राजेन्द्र प्रसाद बरालको अध्यक्षतामा आगामी कार्यकालका लागि नौ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

सहकारीको उपाध्यक्षमा लक्ष्मी देवकोटा, सचिवमा सुर्य प्रसाद बराल र कोषाध्यक्षमा बसन्त राज बराल छानिएका छन्। त्यसैगरी कार्यसमिति सदस्यहरुमा घनश्याम बराल, यज्ञ प्रसाद बराल, तारानाथ सिग्देल, अनिता पहारी र लक्ष्मी सुबेदी बराल चुनिएका छन्। सहकारीको लेखा समिति संयोजकमा कृष्ण राज बराल तथा सदस्यहरुमा कृष्ण प्रसाद बराल र सन्तोष बराल सर्वसम्मत भएका छन्। अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष किरण बरालले सहकारीको माध्यमबाट दिगो आर्थिक बिकाशमा ठूलो सहयोग पुग्ने बताए। उनले वडा कार्यालयबाट सहकारीको प्रगति मा सहयोग पुर्याइने दावी गरे।

कार्यक्रममा पोखरा महानगरपालिका वडानं १३ की वडा सदस्य रजनी परियार, सहकारीका संस्थापक अध्यक्ष कृष्ण प्रसाद बराल, पत्रकार श्रीराम सिग्देल, शेयर सदस्य राम शरण बराल, शेयर सदस्य सुमित्रा बराल, लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए। आदर्श बचत तथा ऋण सहकारी संस्था लि का अध्यक्ष राजेन्द्र प्रसाद बरालको अध्यक्षतामा भयको कार्यक्रम मा स्वागत उपाध्यक्ष लक्ष्मी देवकोटा र कार्यक्रम सञ्चालन सचिव सूर्य प्रसाद बरालले गरेका थिए।

कार्यक्रममा शेयर सदस्यका छोरा छोरी मध्यबाट कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने सौरभ सिग्देल र प्रदिप देवकोटालाई नगद, दोसल्ला, तथा प्रमाण पत्र द्वारा सम्मानित गरिएको थियो। तेस्तै ८४ वर्ष उमेर पुगेका शेयर सदस्य का बुबा आमा मध्य बाट सन्तु माया बराल एवं सहकारी को असल कारोवार गर्ने शेयर सदस्य शिब प्रसाद बराल र असल बचत कर्ता केशबहादुर नेपालीलाई पनि सम्मान गरिएको थियो।

# कस्केली अधिकृत समाजको रचना वाचन

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



कस्केली अधिकृत समाजले एक समारोहका बीच शनिबार रचना वाचन कार्यक्रम सम्पन्न गरेको छ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिठानका पूर्व कुलपति सरुभक्तको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा समसामयिक विभिन्न विषयमा स्रष्टाहरूले रचना वाचन गर्नुभएको थियो । कार्यक्रममा सरुभक्तले कविताको वास्तविक मूल्य नै शाश्वत मूल्य भएको बताउनुभयो।

नेपालमा साहित्यकारहरू समाज र राष्ट्रका लागि सिर्जना गर्नुपर्छ भन्ने भावनाका साथ कृयाशिल बनिरहेको बताउँदै उहाँले साहित्य तथा वाङ्मयको सेवामा अधिकृतहरूले आआफ्ना तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्नुभयो।

कस्केली अधिकृत समाजका अध्यक्ष चन्द्रबहादुर सुवेदीले साहित्य आँफैंमा महत्वपूर्ण पक्ष भएको बताउँदै यसले सेवा निबृत्त जीवनलाई पनि सिर्जनात्मक बनाउने बताउनुभयो । कार्यक्रम संयोजक बसन्त चालिसेले समाजले अन्य विभिन्न गतिविधिसँगै रचना वाचनका माध्यमबाट साहित्यिक गतिविधि अघि बढाएको बताउनुभयो । कार्यक्रममा पोखरा महानगरपालिका गडा नं ३ का वडा अध्यक्ष प्रकाशमान उदास, सल्लाहकार शिवप्रसाद पराजुली लगायतले बोल्नुभएको थियो।

समाजका अध्यक्ष सुवेदीको सभापतित्व एवम् सचिव महेश पौडेलको सञ्चालन र कार्यक्रम संयोजक वसन्त चालिसेले स्वागत गर्नुभएको कार्यक्रममा समाजका सल्लाहकार एवम् अन्तराष्ट्रिय नेपाली साहित्य समाज नेपाल गण्डकी प्रदेश समितिका अध्यक्ष दुर्गाबहादुर शाह 'बाबा', सल्लाहकारहरू शिवप्रसाद पराजुली, शिवहरि शर्मा, देबेन्द्र केसी(देबु), उपाध्यक्ष लोकनाथ दवाडी, गण्डकी साहित्य संगमका सचिव भीमबहादुर रानाभाट(ज्यालादारी), गण्डकी बाङ्मय समाजका अध्यक्ष डा.कृष्णराज अधिकारी, जिल्ला समन्वय अधिकारी नवराज बराल, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, रामचन्द्र आचार्य, चन्द्रावती वाग्ले, भगवती बञ्जारा, शिवप्रसाद गौतम, रुजिन्द्र तुलाचन लगायतले कविता, कथा, मुक्तक लगायतका रचना वाचन गर्नुभएको थियो। रचना वाचनका सहभागीलाई सरुभक्त, समाजका अध्यक्ष सुवेदी लगायतले प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

# ड्याम साइड क्लबले छैटौं संस्करणको तिहार विशेष साँस्कृतिक साँझ गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको ड्याम साईड क्लबले नेपालीहरुको दोश्रो ठुलो चाड तिहारको अवसरमा कार्तिक ६ गते आइतबार तिहार विशेष साँस्कृतिक साँझ गर्ने भएको छ।

खेलकुद, वातावरण, पर्यटनका क्षेत्रमा सक्रिय क्लबले संस्कृतीको जगेर्ना गरौं, पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याऔं भन्ने मुल मन्त्रका साथ छैटौं संस्करणको सांस्कृतिक साँझ गर्न लागिएको क्लबका पुर्व अध्यक्ष तथा कार्यक्रम संयोजक पदम बहादुर ढकालले वताए । साँझ ४ वजेदेखी ९ वजेसम्म हुने साँस्कृतिक साँझमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा आफुलाई स्थापित गर्न सफल कर्णदास, हास्य विधाका चिरपरिचित कलाकार सुमन कार्की, पोखरा कै उदयमान कलाकार सौगात गुरुङ, ब्लु डायमण्ड सोसाइटी तथा लोक नृत्य कलाकार संघका कलाकारहरुको वेजोड प्रस्तुती रहने वरिष्ठ उपाध्यक्ष रमेशप्रसाद वरालले वताए। साँस्कृतिक साँझको अवसरमा यस वर्ष नेपाल पत्रकार महासंघ कास्कीका पुर्व अध्यक्ष वरिष्ठ पत्रकार दीपेन्द्र श्रेष्ठलाई सम्मान गर्ने जानकारी प्रतिभा छनौट समितिका संयोजक केशवराज वरालले वताए। पत्रकार श्रेष्ठलाई १५ हजार पाँच सय ५५ नगर सहित सम्मान गरिने भएको हो। पाँचौं संस्करणको साँस्कृतिक साँझमा पर्यटन विज्ञ हरिध्वज तुलाचनलाई सम्मान गरिएको वरालले वताए। अघिल्ला साँस्कृतिक साँझहरुमा संकलन भएको रकमबाट क्लबले विभिन्न विद्यालयमा अध्ययनरत आर्थिक स्थिति कमजोर भएका खेलाडीहरु निशुल्क प्रशिक्षण दिइ रहेको कोषाध्यक्ष सफल थापाले वताए। २०५९ सालमा विधिवत रुपमा स्थापित भइ फुटबललाई केन्द्रमा राखेर अगाडि वढेको क्लबले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडि उत्पादन गरी क्लबलाई चिरपरिचित वनाउन सफल भएको महासचिव राकेस श्रेष्ठले वताए । क्लबले नियमित रुपमा फुटबलका विभिन्न स्तरका खेलका प्रतियोगिता संचालन गर्दै आएको छ भने विद्यालय स्तरका खेलाडीहरुलाई नियमित प्रशिक्षणको सम्पुर्ण जिम्मेवारी लिएको क्लबका अध्यक्ष प्रताप गुरुङले वताए।

# नवौँ राष्ट्रिय खेलकुदकमा पदक विजेता खेलाडी सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

पोखरामा सम्पन्न नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीलाई कास्की जिल्ला टेनिस सङ्घले शनिबार नगदसहित सम्मान गरेको छ।

राष्ट्रिय खेलकुदअन्तर्गत टेनिसमा गण्डकी प्रदेशले इतिहास रच्दै तीन स्वर्ण पदक जितेको खुसीयालीमा खेलाडीलाई सम्मान गरिएको हो । सङ्घले प्रतियोगितामा तीन स्वर्ण पदक जित्ने खेलाडी प्रदीप खड्कालाई नगद रु २० हजार, टोलीमा दुई स्वर्ण र एक रजत प्राप्त गरेका खेलाडी अनिल साईलाई रु १२ हजारसहित सम्मान गरेको छ। यसैगरी टोलीमा एक स्वर्ण र एक रजत हासिल गरेका खेलाडी आशिष खड्का र सौगात विकलाई जनही रु सात-सात हजार तथा एक रजत पदक हासिल गरेका विवेक मगरलाई रु पाँच हजार प्रदान गरिएको छ। यस्तै एक कास्य जितेकी प्रीति बराललाई रु दुई हजार र प्रशिक्षक नीरज थापालाई रु पाँच हजार नगदसहित सम्मान गरिएको कास्की जिल्ला टेनिस सङ्घका सचिव नवीन श्रेष्ठले जानकारी दिनुभयो।

# मदरल्याण्डमा बिसौँ वार्षिक खेलकुद कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक

विद्यार्थीहरूमा पढाइका अतिरिक्त मनोरञ्जन तथा खेलकुदलाई पनि मध्यनजर गरी मदरल्यान्ड मा. वि. मासवार पोखराले कक्षा नर्सरीदेखि दससम्म हरेक वर्ष आयोजना गर्दै आएको वार्षिक खेलकुद कार्यक्रमअन्तर्गत यस वर्षको बिसौँ वार्षिक खेलकुद कार्यक्रम एक समारोहबिच विद्यालय प्रङ्गणमा शुक्रबार सम्पन्न भयो।

एक हप्ता अघिदेखि विभिन्न चरणमा सञ्चालन तथा छनौट गरिँदै आएको यस कार्यक्रममा कक्षा नर्सरीदेखि कक्षा चारसम्म स्पून रेस, मिठाई दौड, म्युजिकल चियर, व्यालेन्स खेल, प्लेट रेस, ड्रेस अप रेस, बेलुन ब्रस्ट आदिजस्ता खेलहरू कक्षागत रूपमा आयोजना गरिएका थिए भने कक्षा पाँचदेखि कक्षा दशसम्म जुनियर र सिनियर गरी दुई तहमा बास्केटबल, भलिबल, टेबलटेनिस, बुद्धिचाल, विभिन्न दौड, रिले र एथ्लेटिक्स, टग अफ वार आदिजस्ता खेलहरूको आयोजना गरिएको थियो।

कक्षा नर्सरीदेखि कक्षा चारसम्म सम्पूर्ण खेलहरू खुल्ला प्रतिस्पर्धाको आधारमा सञ्चालन गरिएको र कक्षा पाँचदेखि दससम्म खुला तथा अन्तरसदनात्मक रूपमा सञ्चालन गरिएको विद्यालय स्रोतले जानकारी दिएको छ। विद्यालयका प्राचार्य नारायण बरालका साथ नबौं राष्ट्रिय खेलकुद प्रतियोगितामा महिलातर्फको धनुषवाण प्रतियोगितामा तृतीय स्थानका साथ कास्य पदक हाँसिल गरेकी यसै विद्यालयको कक्षा १२ मा अध्ययनरत सोलीना गुरुङले बेलुन उडाएर उद्घाटन गरिएको यस कार्यक्रममा विद्यार्थीहरूले अन्तरसदनात्मक रूपमा मार्च पास र पिटी नृत्य प्रस्तुत गरेका थिए। पढाइलाई मनोरञ्जनपूर्ण तरिकाले एकैसाथ अगाडि बढाउनका लागि विद्यालय भित्र गठित हरियो, पहेँलो, रातो र निलो गरी चार सदनबिच अन्तरसदनात्मक रूपमा प्रतियोगिता सम्पन्न गरिएको र उक्त खेलकुद कार्यक्रम अन्तर्गतका विभिन्न प्रतियोगितात्मक खेल र तिनीहरूको नतिजा अनुसार यस वर्षको उत्कृष्ट सदनको उपाधि शिक्षक मनोज थापा संयोजक रहेको पहेँलो सदनले हात पारेको छ भने अनुशासन तर्फको उपाधि शिक्षिका चन्दना थापा संयोजक रहेको रातो सदनले हात पारेको छ।

विजयी सदन तथा खेलाडी विद्यार्थीहरूलाई मेडल, प्रमाणपत्र तथा पुरस्कार समापन कार्यक्रममा वितरण गरिएको कुरा विद्यालयका सहकार्यकलाप प्रमुख सुनिल सुवालले जानकारी दिए।

यसै अवसरमा हालै सम्पन्न राष्ट्रिय खेलकुद प्रतियागितामा कास्य पदक प्राप्त सोलीना गुरुङलाई सम्मान पनि गरिएको थियो।

विद्यालयका खेलकुद विभागीय प्रमुख गङ्गा गुरुङको संयोजकत्वमा आयोजित उक्त कार्यक्रमको अन्त्यमा विद्यालयका प्राचार्य नारायण बरालले खेलमा अनुशासन र खेलका नियमहरू खेलाडीहरू नभुली कर्यक्रमलाई मर्यादित, अनुशासित, उत्साहजनक, सभ्य, भव्य र अनुशासनपूर्वक सम्पन्न गर्नका लागि सहयोग गर्ने विद्यार्थी, अभिभावक, शिक्षक/शिक्षिका तथा कर्मचारीलाई धन्यवाद व्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन आधारभूत तह कक्षा चारदेखि आठसम्मका इन्चार्ज अजय कुँवर, आधारभूत तह कक्षा नर्सरीदेखि तीन सम्मकी इन्चार्ज केशु शर्मा र विद्यालयका सह कार्यकलाप प्रमुख सुनिल सुवालले संयुक्त रूपमा गरेका विद्यालयका सञ्चार विभाग प्रमुख होमनाथ भट्टराइले पोखरापत्रलाइ वताए।

# सृजना महिला सहकारीको २० औ साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



महिलाहरुद्धारा पूर्ण रुपमा संचालित सृजना महिला बचत तथा ऋण सहकारी संस्थाको २० औ साधारण सभा सम्पन्न भएको छ।

२०५९ मा सृजना विकास केन्द्रको अग्रसरमा स्थापित सहकारी ले ११ सय भन्दा बढी सदस्यहरु मार्फत १७ करोड को कारोकार गदै आएको छ। बचत तथा ऋण संगै विविध समाजिक कार्यहरु गरीदै आएको अध्यक्ष शुष्मा पहारी बरालले बताईन। सो सभाको शुभारम्भ गदै केन्द्रीय बचत संघ का महासचिव दामोदर अधिकारीले , सहकारीको विकासमा शेयर सदस्यहरु नै प्रमुख रुपमा लाग्नु पर्ने बताए।

कार्यक्रममा सृजना विकास केन्द्र का अध्यक्ष कृष्ण बहादुर थापाले महिला उद्यमाशिलताका लागि सहकारी मार्फत महिलाहरुलाई नेतृत्व बिकास गराउनु पर्ने बताए। संस्थाका अध्यक्ष शुष्मा पहारीको सभापतित्वमा भएको कार्यक्रमम जिल्ला सहकारी संघ का उपाध्यक्ष छविलाल लामिछाने, जिल्ला बचत संघका अध्यक्ष भेषराज बराल, जाल्पादेबी बहुउद्देश्ययीय बिकास समितिका अध्यक्ष विश्व कुमार बिजुक्छे, जाल्पादेबी महिला समुहका संस्थापक अध्यक्ष शारदा सुबेदी, संस्थाका संस्थापक अध्यक्ष सृजना बराल, पूर्व अध्यक्षहरु, शान्ती शर्मा, कमला गीरी, पवित्रा कें.सी ले सहकारी मार्फत सदस्य सेवा कार्यक्रम गर्नुपर्ने बताए। संस्थाका अध्यक्ष शुष्मा पहारीको सभापतित्वमा भएको कार्यक्रममा उकृष्ट कारोबार, बाल बचतका उकृष्ट बालबालिका हरुलाइ सम्मान उपाध्यक्ष शारदा गीरी सचिव तारा के .सी कोषाध्यक्ष सुनिता गीरी शिक्षा समिति संयोजक नेत्रमाया गीरी द्धारा प्रस्तुत संस्थागत प्रतिबेदन पारित गरेको छ।

# व्यवस्था बदल्यौँ, अब प्रवृत्ति बदलौँ : उपसभापति गुरुङ

पोखरापत्र संवाददाता
वालिङ, ५ कार्तिक

नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले देशमा व्यवस्था बदलिए पनि प्रवृत्ति नबदलिएको बताउनुभएको छ। उहाँले व्यवस्था परिवर्तन भए पनि अवस्था पुरानै र परिवर्तन हुन नसकिरहेको अवस्थामा अब भ्रष्ट प्रवृत्तिको विरोध गरी प्रवृत्ति नै बदल्नु आवश्यक रहेको बताउनुभयो।

नेपाली कांग्रेस स्याङ्जा क्षेत्र नं २ (क)ले शनिबार वालिङमा आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रममा बोल्नुहुँदै उहाँले भ्रष्टाचारकै कारण देश समृद्धितर्फ जान नसकेको उल्लेख गर्दै अब सबै जना एकजुट भई जरो गाडेर रहेको भ्रष्टाचारको अन्त्यका लागि लाग्नुपर्ने बेला आएको धारणा राख्नुभयो। "भ्रष्टाचारकै कारण देश अगाडि बढ्नुको सट्टा पछाडि-पछाडि धकेलिँदै छ", उहाँले भन्नुभयो, "अब पनि यस्तो अवस्था रहिरहे समृद्धि सम्भव छैन, अगाडि होइन, पछाडितर्फ धकेलिन्छौँ।"

देशको विकास गर्छु भन्नेहरू पहिला आफैँबाट सुध्रिनु आवश्यक रहेको गुरुङले बताउनुभयो। अरुलाई सुधार्नुपूर्व आफैँ सुध्रिनु आवश्यक छ अनि बल्ल अरुलाई सुधार्न सहज हुने उहाँ बताउनुहुन्छ।

"नेतृत्व तहमा आउनेले जनताका अगाडि उभिएर एउटा सङ्कल्प गरौँ", उहाँले भन्नुभयो, "सबै नेताको सम्पत्ति छानविन गरौँ र त्यसको सुरुआत धनराज गुरुङबाट गर्नुहोस् भनेर म पटक-पटक बोलेको छु।" उपसभापति गुरुङ नेपाली कांग्रेसका तर्फबाट स्याङ्जा क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार हुनुहुन्छ। आगामी मङ्सिर ४ गते हुन लागिरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा कांग्रेसका उपसभापति गुरुङ र नेकपा (एमाले) केन्द्रीय सचिव पद्माकुमारी अर्यालबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ।

# संस्कृति संरक्षणमा जोड

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



नेवार समुदायको छाता संङठन नेवा देय दवु कास्कीले नेवार समुदायको संस्कृति, परम्परा संरक्षण सहित पूर्ण एकातामा जोड दिएको छ।

समितिले शनिवार पोखरामा गरिएको नेपाल संम्वत ११४३ को उपलक्षमा आयोजित शुभ कामना आदन प्रदान कार्यक्रममा वक्ताहरु राष्टीय बिभुती शंकर ध्वज साखाको शालिक निमार्णमा नेवार समुदाय एक हुनु प्रर्ने अध्यक्ष कृष्णमान ढुसाजुले बताए। सो कार्यक्रमको सुभारम्भ गदै पोखरा महानगर पालिका वार्ड नं ९ का अध्यक्ष दिप्रेन्द्र मर्सानीले कला सस्कृतिको महत्वले पोखराको पर्यटन विकासमा योगदान दिन सकिने बताए।

कार्यक्रममा पोखरा महानगर पालिका वार्ड नं २ का अध्यक्ष दिवसमान प्रधानङ, वार्ड नं ११ का अध्यक्ष प्रेम कृष्ण कमार्चाय, सृजना विकास केन्द्रका अध्यक्ष कृष्ण बहादुर थापा, सञ्चालिका समुहका अध्यक्ष कविता श्रेष्ठ, जाल्पादेवी बहुउद्देश्यीय विकास समितिका अध्यक्ष विश्व कुमार विजुक्छे, दवु का प्रदेश अध्यक्ष हरिकुमार श्रेष्ठ, सल्लाहकर गोविन्द ध्वज श्रेष्ठ, आदीवासी जनजाति महासंघका सचिव सुनिल लामा, नेवा खल का उपाध्यक्ष प्रेम कुमार लिगल, जेष्ठ सल्लाहकार भक्तराज श्रेष्ठ लगायतले समुदायको विकासमा लाग्नु पर्ने बताए। समितिका अध्यक्ष कृष्ण मान ठुसाजुको सभापतित्वमा भएको कार्यक्रममा वष्रिठ उपाध्यक्ष लिल बहादुर श्रेष्ठ, महिला सचिव रिता नापितले संस्थागत भनाई राखेका थिए।

# गायक बिनोद बाँनियालाई 'एसियन प्रोफेसनल अवार्ड'

पोखरापत्र संवाददाता
पोखरा, ५ कार्तिक



पोखराका गायक बिनोद बाँनियाले 'एसियन प्रोफेशनल अचिभमेन्ट अवार्ड २०२२' मा अवार्ड जित्न सफल भएका छन्। सिजन मिडियाले आफ्नो १४औं स्थापना दिवसको अवसर पारेर आयोजना गरेको यो अवार्ड कार्यक्रममा बाँनियाले 'भर्सटाइल सिङ्गर अफ द इयर अवार्ड' हात पारेका हुन्।

२०५७ सालमा माया देखायौ कति सजिलै' बोलको गीत रेकर्ड गरी पोखराबाट औपचारीकरुपमा सांगीतिक यात्रा प्रारम्भ गरेका बाँनियाका 'मान्छे', 'डाउट' र 'प्रोफाइल' एलबम बजारमा आइसकेका छन्। एलबमका अलावा विभिन्न फुटकर गीतका कारण उनको परिचय बेग्लै बनेको छ। पप, आधुनिक, गजल, राष्ट्रिय तथा खेलकुद गरी झण्डै ५० को हाराहारीका गीतमा उनले आफ्नो सुमधुर आवाज भरीसकेका छन्। यतिनै गीतमा संगीत समेत गरेका बाँनियाले केही गीत रचना गर्न समेत भ्याएका छन्। छोटो फिल्म फेम' निर्देशन गरिसकेका बाँनियाले नेपाली फिल्ममा 'दयारानी'मा गीत मार्फत पार्श्व गायकको रुपमा उनले काम गरेका छन्। जुन चलचित्र केही समय पछि आउने तयारीमा छ।संगीतमा डिप्लोमा गरेका उनी विगत १६ वर्षदेखि पोखरामा रहेको सैनिक आवासिय महाविद्यलयमा कुशल संगीत प्रशिक्षकको रुपमा क्रियाशिल छन्। सोही विद्यालयका बिद्यार्थीहरुको आवाज तथा बाँनियाकै संगीतमा बालगीतहरुको संग्रह "आलोकँ पनि सार्वजनिक भैसकेको छ। कुनै बेला लामो समय सम्म रेडियो प्रस्तोता समेत रहेका बानिया पोखरामा रहेको बिग एम का संस्थापक निर्देशक पनि हुन। करिव साढे दशक लामो सांगितिक यात्राका क्रममा २०५७ सालमा नारायण गोपाल संगित कोषद्वारा आयोजित आधुनिक गीत प्रतियोगितामा क्षेत्रिय स्तरमा प्रथम तथा राष्ट्रिय स्तरमा द्वितिय, वेष्ट सिङर अफ दि इयर २०६०, ढुकढुकी पप अवार्ड,वेष्ट नेशनल सङ्ग सिङर,नेशनल गण्डकी वेष्ट मोर्डन सिङर लगायत थुप्रै संघसंस्थाबाट सम्मानित तथा पुरस्कृत भैसकेका छन्।

'एसियन प्रोफेशनल अचिभमेन्ट अवार्ड २०२२' मा 'भर्सटाइल सिङ्गर अफ द इयर अवार्ड' हात पारेपछि प्रतिक्रिया दिदै उनले सांगीतिक क्षेत्रमा अगाडि बढ्न थप उत्साह थपेको बताए। सबै संगीतप्रेमीको साथ सर्पोटको कारण यो सम्भव भएको बताउदै उनले नयाँ नयाँ सांगीतिक कोसेली मार्फत दर्शक श्रोतासँग् निरन्तर जोडिने बताए। अवार्ड कार्यक्रम सेप्टेम्वर २९ मा दुबइमा वितरण भएको थियो। दुवइमा जान नपाएका अवार्ड विजेतालाई हालै काठमाण्डौमा एक कार्यक्रमको आयोजना गरेर अवार्ड प्रदान गरिएको हो। गायक बानियालाई पूर्व प्रधानमन्त्री डा बावुराम भट्टराईले अवार्ड प्रदान गरे।सिजन मिडियाले सामाजिक, साँस्कृतिक, शैक्षिक, खेलकुद र व्यावसाा यक क्षेत्रमा दशकौँदेखि काम गरेर स्थापित भएका व्यक्तिको काम र मेहनतलाई अझै हौसला प्रदान गर्ने उद्देश्यले अवार्ड वितरण गर्ने गरेको सिजन मिडियाका अध्यक्ष प्रदीपराज वन्तले बताए। सन् २०१९ मा दुबइमा भएको उक्त कार्यक्रम कोरोनाका कारण २०२१ मा काठमाडौँमै गरिएको थियो। अबको कार्यक्रम कम्बोडियामा गर्ने वन्तले बताए। यसपटक बङ्गलादेशका बरिष्ठ पत्रकार तथा फोटोपत्रकार काजी रौनक हुसेनलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड समर्पण गरिएको थियो। यस्तै नेपाललगायात अन्य देशका प्रतिनिधिहरुलाई दुवइमानै विभिन्न विधाका अवार्ड प्रदान गरिएको थियो।


## प्रदेश सरकार
## शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## गण्डकी प्रदेश, पोखरा

## नि:शुल्क सीप परिक्षणमा सहभागी हुन चाहनेहरुका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम प्रकाशन मितिः २०७९/०७/०६ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS–P II) को सहयोगमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning–RPL) विधिबाट नि:शुल्क संचालन हुने ईकाईगत दक्षता (Unit Competency) को सीप परीक्षण (परामर्श तथा सीप परीक्षण) मा सहभागी हुन इच्छुक १६ बर्ष उमेर पुगेका तथा बैदेशिक रोजगारबाट फर्केका वा सम्बन्धित पेशाको कार्य अनुभव भएका नेपाली नागरिकहरुले आफूलाई पायक पर्ने तपसिल बमोजिमका केन्द्रमा गई मिति २०७९/०७/२७ गते कार्यालय समयभित्र आवेदन फारम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

सीप परीक्षण (परामर्श तथा सीप परिक्षण) केन्द्रहरु, परिक्षण हुने व्यवसाय र तह

| क्र. स. | आवेदन फारम संकलन केन्द्र | ठेगाना | सम्पर्क न. | व्यवसाय/तह |
|---|---|---|---|---|
| १. | पोखरा प्राविधिक शिक्षालय, | फूलबारी, पोखरा | ०६१-५२८०४०, ९८५६०३५५२८ | फ्रन्ट अफिस असिस्टेन्ट - तह १ (अन्तर्गतका इकाईहरु) |
| २. | CTEVT गण्डकी प्रदेश कार्यालय, पोखरा, | मालेपाटन, पोखरा | ०६१-५३२२७१, ९८५६०४२२८३ | १. टायल एण्ड मार्बल फिक्सर- तह १ (अन्तर्गतका इकाईहरु)<br>२. वेल्डर- तह २ (अन्तर्गतका इकाईहरु)<br>३. कन्स्ट्रक्सन मेसन- तह २ (अन्तर्गतका इकाईहरु)<br>४. प्लम्बर- तह २ (अन्तर्गतका इकाईहरु)<br>५. बिल्डिङ्ग पेन्टर- तह २ (अन्तर्गतका इकाईहरु)<br>६. गार्मेन्ट फेब्रिकेटर- तह १ (अन्तर्गतका इकाईहरु) |

२. आवेदनको लागि न्युनतम योग्यता
क. तह १ को लागिः सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा १ बर्षको कार्यानुभव भएको।
ख. तह २ को लागिः सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा ३ बर्षको कार्यानुभव भएको वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उतिर्ण भई सम्बन्धित व्यवसायमा १ बर्षको कार्यानुभव भएको।
३. आवेदकले आवेदन फारम भर्दा पालना गर्नुपर्ने शर्तहरु
क. आवेदनको साथ रजिस्ट्रेसन शुल्क रु. २७० सहित तोकिएको केन्द्रमा बुझाउनु पर्ने छ।
ख. आवेदन तथा स्व:घोषणा फारमको साथमा आवेदकले निम्न कागजात बुझाउनु पर्ने छ।
- हाल सालै खिचिएको एकै किसिमको २ प्रति पासपोर्ट साइजको फोटो - नागरिकता प्रमाण पत्रको फोटोकपी
- अनुभवको प्रमाणपत्र (सरकारी वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजि रोजगारदाता संस्था/उधोग/व्यवसायीले सम्बन्धित पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको सक्कल प्रमाणपत्र वा पत्र),
- बैदेशिक रोजगारबाट फर्केका आवेदकले फारम भर्दा सम्बन्धित पेशामा बिदेशमा काम गरेको अंग्रेजीमा अनुवादित प्रमाणपत्र,
ग. सम्बन्धित पेशामा स्वीकृत आवेदन फारम संख्या ५ भन्दा कम भएमा सीप परिक्षण संचालन गरिने छैन र आवेदकले बुझाएको रकम सम्बन्धित केन्द्रमा निवेदन दिई फिर्ता लिन सक्नेछन्।
घ. परामर्शकार्यबाट छानिएका आवेदकहरु मात्र सीप परीक्षणमा सामेल हुन पाउने छन्।
ङ. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु तथा तोकिएको समयमा दर्ता नभएका र रीत नपुगेका आवेदन फारमहरु स्वत:रद्द हुनेछन्।

थप जानकारीको लागि राष्ट्रिय सीप परीक्षण समितिको फोन नम्बर ०१-६६३८१५३, ६६३५१९५, ०६१-५९०८७५ तथा मोबाइल नम्बर ९८५११६३९६४, ९८५७०१७५७८, ९८१७६३४६०४। सम्बन्धित पेशा/व्यवसायको लागि आवेदन फारम तथा स्व:घोषणा फारम www.ctevt.org.np, www.nstb.org.np बाट डाउनलोड गर्न तथा सम्बन्धित केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ।